# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२।०२।०६

## प्रेस विज्ञप्ति

प्रसारित भिडियो सामग्रीलाई लिएर क्यामेरा पर्सन राजु बैठालाई स्थानीय टइट यादवसहितको समुहले गालीगलौज गरी धम्की दिएकोमा नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

वीरगञ्ज सिटी डटकममा बाराको 'विश्रामपुर गाउँपालिकामा मिलोमतोमा अनियमितता, एकातर्फ तटबन्धन निर्माण अर्कोतर्फ ५/५ फिट माटो खनेर बिक्री' सम्बन्धी सामग्री प्रसारण भएकोप्रति उक्त समुहले धम्की दिएको महासंघ पर्सा शाखाले जनाएको छ ।

यसप्रति गुनासो भए कानुनी उपचारमा जाने या प्रचलित विधि-प्रक्रिया अपनाउन छाडेर त्यसविपरीत भएको यो कर्म निन्दनीय र प्रेसविरोधी छ । महासंघ घटनाको छानबिन गरी दोषीमाथि आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित निकायसँग माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org